प्रदेश सरकार
प्रदेश नं ५
सामाजिक विकास मन्त्रालय

# शिक्षा तथा सामाजिक विकास निर्देशनालय

बुटवल,नेपाल

प.सः ०७७/०७८
च.नः

मितिः २०७७।०४।११

**विषय : सामुदायिक क्याम्पसहरुलाई प्रस्तावना पत्र पेश गर्ने सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा यस आ.व. को वार्षिक कार्यक्रम अनुसार प्रदेश नं. ५ अन्तर्गतका सामुदायिक क्याम्पसहरुलाई क्याम्पसहरुले पेश गरेको प्रस्तावनाका आधारमा शैक्षिक गुणस्तर अभिवृद्धिकालागि पूर्वाधार विकास सहयोग अनुदान उपलब्ध गराउने कार्यक्रम रहेकाले यस प्रदेश भित्र सञ्चालनमा रहेका सामुदायिक क्याम्पसहरुले कार्यक्रमको विस्तृत विवरण र कार्यान्वयन योजना सहितको सञ्चालक समितिको निर्णय सहित निम्न ढाँचामा रहि मिति २०७७/०५/१८ भित्र सम्बन्धित सामाजिक विकास डिभिजन कार्यालयमा प्रस्ताव पेश गर्नु हुन जानकारी गराईन्छ ।

**१.निम्नानुसारको विवरण संलग्न भएको क्याम्पस सुधार योजना**

क) क्याम्पसको संक्षिप्त चिनारी
ख) भौतिक अवस्था

- क्षेत्रफल
- भवन संख्या
- खेल मैदान
- कम्पाउन्ड वाल
- प्रयोगशाला
- कक्षा कोठा संख्या
- खानेपानीको अवस्था
- शौचालय(छात्र छात्रा)
- पुस्तकालय
- अन्य......

ग) क्याम्पस व्यवस्थापन सम्बन्धी अवस्था: (सञ्चालक समिति / विषयगत समिति / अन्य समिति)
घ) विद्यार्थी संख्या- संकायगत र तहगत (दलित,मुस्लिम र अल्पसंख्यक जातिको विद्यार्थी विवरण समेत)
ङ) पूर्णकालिन तथा आंशिक शिक्षक विवरण
च) विगत तीन वर्षको औषत नतिजा
छ) विद्यार्थीको पहुँच वृद्धि गर्ने र गुणस्तर सुधार गर्ने सम्बन्धि कार्य योजना
ज) स्रोत व्यवस्थापन
झ) विद्यार्थीको पहुँच वृद्धि गर्ने र गुणस्तर सुधार गर्ने सम्बन्धि अपेक्षित नतिजा

**२. प्रस्तावनाको ढाँचा**

क) प्रस्तावनाको उद्देश्य
ख) प्रस्तावनमा आधारित कार्यक्रम-क्याम्पसमा आवश्यक भएको कक्षा कोठा, प्रयोगशाला र पुस्तकालयको औचित्य पुष्टि हुने आधार पेश गर्नु पर्ने
ग) कार्ययोजना प्रतिफल सूचक सहित
घ) अनुमानित लागत
ङ) अपेक्षित नतिजा
च) जोखिम
छ) निष्कर्ष

**३. प्रस्तावना संग पेश गर्नुपर्ने कागजातहरु**

क) पूर्णकालिन शिक्षकको नियुक्ति पत्रको छाँयाप्रति
ख) क्याम्पसको जग्गाको लालपुर्जाको छाँयाप्रति/भोगाधिकार पाएको स्थानीय तहको पत्र
ग) दलित, मुस्लिम, अल्पसंख्यक जातिको विद्यार्थी विवरण
घ) मर्ज भएका क्याम्पसहरुको आधिकारिक पत्र- मर्ज भएका क्याम्पसहरुको लागि मात्र

२०७७।४।११
मनोज कुमार गैरे
नि. निर्देशक

नोटः अल्पसंख्यक जाति भन्नाले बनकरिया, बरामु, बोटे, चेपाङ, दनुवार, धनुक, किसान, कुसुन्डा, लोप्चा, माझी, मेचे, मुशिवाडिया, राजी, राउटे, सतार, सिंग्सा, सियार, सुरेल, थामी, थुनाम, पासवान, हसिन र मल्लाहलाई जनाउँछ ।